# नेपाल राजपत्र


श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, चैत २८ गते २०५६ साल (संख्या ५१


## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आर्थिक ऐन, २०५६ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी झापा जिल्लाको अनारमुनी गा. वि. स. वडा नं. ३ को कि. नं. ४५५१ र ऐ ऐ को कि. नं. ४५५३ को जग्गाबाट क्षेत्रफल ०–१८–० (अठार कठ्ठा) जग्गा मात्र अग्रसेन भवन विर्तामोड (झापा) ले भवन निर्माणको लागि प्रचलित कानून बमोजिम खरिद गर्दा सो संस्थालाई लाग्ने रजिष्ट्रेशन दस्तुर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारले निर्माण व्यवसाय नियमावली, २०५६ को नियम २१ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची ११ को क्रमसंख्या २ मा "कामको अनुभव" शीर्षक अन्तर्गत रहेका "कूल बीस लाख रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "कूल तीन करोड बीस लाख रूपैयाँ" भन्ने शब्दहरू राखी हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
हिरण्यलाल रेग्मी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## महिला तथा समाज कल्याण मन्त्रालयको सूचना

श्री ५ को सरकारले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ बमोजिम २०५७ साल वैशाख १ गतेदेखि लागू हुने गरी नेपाल अधिराज्यका सबै जिल्लाका जिल्ला अदालतहरूमा जिल्ला न्यायाधीश रहेको बाल इजलासको व्यवस्था गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
उर्मिला श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४४८
मुद्रण विभाग, सिंहदरबार